(सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)

२०८१ साल कार्तिक १ देखी २०८१ साल पौष मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

**(स्वत:प्रकाशन)**

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय, पर्वत

कुश्मा,नेपाल

स्वत: प्रकाशन

नेपालको संविधान २०७२को धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ का प्रत्येक सार्वजनिक निकाएहरुले आफुले सम्पादित गरेका क्रियाकलापहरुको विवरण प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । सूचनाको हकको संरक्षण र प्रचलन गराउन यस स्वास्थ्य कार्यालयले २०८१ साल कार्तिक १ देखी २०८१ साल पौष मसान्तर सम्म सम्पादित प्रमुख क्रियाकलापहरु प्रकाशित गरिएको छ । आगामी दिनहरुका स्वत:प्रकाशन लाई थप व्यवस्थित र मर्यादित ढंगले नियमित रुपमा अगाडी वढाउन स्वास्थ्य कार्यालय पर्वत प्रतिवद्ध रहेको जानकारी पनि गराउन चाहान्छौ ।

**मितिः २०८१ माघ ०२ गते वुधवार**

विषयसूची


| क्र.सं. | विवरण |
|---|---|
| १ | स्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति |
| २ | स्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण |
| ४ | उजुरी सुन्ने अधिकारीको विवरण |
| ५ | स्वास्थ्य कार्यालय वाट प्रदान गरिने सेवा |
| ६ | सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी |
| ७ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि |
| ८ | निर्णय गर्ने प्रक्रिया र अधिकारी |
| ९ | सम्पादन गरेका कामको विवरण |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद |
| ११ | ऐन,नियम विनियम एंव निर्देशिकाको सूची |
| १२ | आर्थीक कारोवार सम्वन्धी विवरण |
| १३ | स्वास्थ्य कार्यालय पर्वतको वेवसाईट र अन्य विवरण |

## १ स्वास्थ्य कार्यालयको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको मातहतमा गण्डकी प्रदेशभरी ११ जिल्लामा जिल्लास्तरीय कार्यालय हरुमध्ये स्वास्थ्य कार्यालय पर्वत रहेको छ जहाँ २ वटा नगरपालिका र ५ वटा गाउँपालिका रहेका छन। बहुषक्षिय समन्वयमा राष्ट्रिय प्राथामिकता प्राप्त जनस्वास्थ्य सेवाको संचालन, समन्वय र सहजीकरणक मार्फत जिल्ला तथा स्थानीय तहमा कार्यक्रमको प्रभावकारिता र पहुँच अभिबृद्धिको नेत्तृत्व स्वास्थ्य कार्यालय पर्वतले गर्दै आएको छ। पर्वत जिल्लामा नियमित स्वास्थ्य सेवा प्रवाह गर्नको लागि १ सरकारी अस्पताल, ३ आधारभुत अस्पताल, ३ निजि अस्पताल, १ प्राथमिक स्वास्थ्य केन्द्र,५० स्वास्थ्य चौकी, ६आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ शहरी स्वास्थ्य केन्द्र, २७ सामुदायिक स्वास्थ्य ईकाइ, १२५ गाउँघर क्लिनिक, १८३ खोप क्लिनिक, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ४ आयुर्वेद औषधालय, ५०० महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका कार्यरत छन। उल्लेखित संस्थाहरु मध्ये ३८ वटा वर्थिङ्ग सेन्टर, १८ वटा संस्था OTC, २ वटा BEONC Sites , १ वटा CEONC Site , १७ वटा Safe Abortion Sites र १८ वटा संस्थामा प्रयोगशाला सेवा समेत संचालनमा रहेका छन। मुख्यतह पर्वत जिल्लाका ७ वटै स्थानीय तह, गण्डकी प्रदेश र संघिय सरकारको समन्वयमा प्रतिकारात्मक, प्रर्वधनात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रवाह गर्नको लागि व्यवस्थापक र सहजिकरणको भुमीका स्वास्थ्य कार्यालय पर्वतले निभाउदै आएको छ ।

## २ स्वास्थ्य कार्यालयको काम कर्तव्य र अधिकार

प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।

२. कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरण योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक, वार्षिक) गरि कार्यन्वयन गर्ने।

३. जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।

४. जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।

५. स्थानीय सरकार र स्वास्थ्य निकायहरु बिच समन्वय गर्ने।

६. एकीकृत स्वास्थ्य सुचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।

७. स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।

८. सरकारी, निजि, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।

९. संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

१०. प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरु)को संचालन, समन्वय र सहजीकरण गर्ने।

११. वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्धन एवं व्यवस्थापन कार्य गर्ने।

१२. जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

१३. प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।

१४. बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।

१५. आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धी कार्य गर्ने।

## ३ कार्यालयमा रहने कर्मचारी संख्या

| सि.न. | पदको विवरण | सेवा | समूह | श्रेणी/ तह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जनस्वास्थ्य अधिकृत वा सो सरह | स्वास्थ्य सेवा | हे.इ | ७/८ तह | १ | १ | २ छात्रवृत्ति करार |
| २. | तथ्याङ्क सहायक | आ.यो त. | तथ्याङ्क | ५/६ तह | १ | १ | ० |
| ३. | हे. अ. वा सो सरह | स्वास्थ्य सेवा | हे.इ. | ५/६/७ तह | २ | ३ | ० |
| ४. | प. हे. न | स्वास्थ्य सेवा | प.हे.न | ५/६/७ तह | १ | १ | ० |
| ५. | ल्याब टेक्निसीयन | स्वास्थ्य सेवा | मे.ल्याब.टे. | ५/६/७ तह | १ | १ | अध्यन विदामा |
| ६. | कोल्ड चेन | स्वास्थ्य सेवा | हे.इ | ४/५/६ तह | १ | ० | |
| ७. | प्रशासन | प्रशासन | सा.प्रशासन | ५/६ तह | १ | १ | |
| ८. | लेखा | प्रशासन | लेखा | ५/६ तह | १ | १ | |
| ९. | का. स. | श्रेणीविहिन | प्रशासन | श्रेणी विहिन | २ | २ | १ करार |
| १०. | ह. स. चा. | श्रेणीविहिन | मे.ई | श्रेणी विहिन | १ | १ | ० |
| | जम्मा | | | | १२ | १२ | |

## ४ उजुरी सुन्ने अधिकारीको विवरण

नाम : प्रविण शर्मा

पद : कार्यालय प्रमुख

मोवाईल नं : ९८५७६३५११९

ईमेल आइडी : dhoparbat44@gmail.com

## ५ स्वास्थ्य कार्यालय वाट प्रदान गरिने सेवा

माथि स्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकारमा उल्लेख भएको तपशिल बमोजिम

- खोप सेवा
- वालस्वास्थ्य तथा पोषण सेवा
- परिवार नियोजन सेवा
- सुरक्षित मातृत्व सेवा
- रोग नियन्त्रण सेवा
- प्रयोगशाला सम्बन्धीत सेवा
- आर्थीक तथा प्रशासनिक सेवा

## ६ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

*स्वास्थ्य कार्यालय पर्वतमा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण*

| सि.नं | कर्मचारीको नाम थर | पद | सम्पर्क नं | सम्बन्धित शाखा | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रविण शर्मा | कार्यालय प्रमुख | ९८५७६३५११९ | आर्थीक प्रशासन | **dhoparbat44@gmail.com** | |
| २ | रघुनाथ रेग्मी | प्रशाशन प्रमुख | ९८५७६२५१४५ | प्रशासन / स्टोर | Regmiraghunath123@gmail.com | |
| ३ | प्रकाश गौतम | जनस्वास्थ्य निरीक्षक | ९८५६०३०७९० | नसर्ने रोग | Prakashgautam1111@gmail.com | |
| ४ | तेज प्रसाद सुवेदी | सि.अ. हे. व | ९८५७६२५१७१ | पोषण | tejsubedi७४@gmail.com | |
| ५ | सुमन शर्मा | पब्लिक हेल्थ नसिङ्ग निरीक्षक | ९८४७६४४१६२ | सुरक्षित मातृत्व | sumesarma४२@gmail.com | |
| ६ | उज्वल तिवारी | ल्याव टेक्निसीयन | ९८४११२२८१२ | ल्याव | clstiwariujjwal@gmail.com | हाल अध्यनन विदामा |
| ७ | नारायण प्रसाद रेग्मी | परिवार नियोजन सुपरभाइजर निरीक्षक | ९८४७७८८७२९ | परिवार नियोजन | regmi११nryn@gmail.com | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | रामचन्द्र सुवेदी | तथ्याङ्क सहायक | ९८४१८९७२२७ | तथ्याङ्क | subedirc३@gmail.com | |
| ९ | गणेश आचार्य | लेखापाल | ९८५७६२०६२८ | लेखा | acharyaganeshac@gmail.com | |
| १० | ममता ढकाल | जनस्वास्थ्य अधिकृत | ९८४६७४१४१३ | खोप | Dhakalmamta1@gmail.com | |
| ११ | अंजली पि सी | जनस्वास्थ्य अधिकृत | ९८६७९७१३३५ | सुरक्षित मातृत्व | anjaleephogovnp@gmail.com | |
| १२ | उज्वल गौतम | कोल्डचेन सहायक | ९८४७७४०५९४ | कोल्डचेन | ujwalgautam2053@gmail.com | |
| १३ | कुल प्रसाद उपाध्याय | कार्यालय सहयोगी | ९८४७६२६०२० | - | - | |
| १४ | टंक बसेल | हलुका सवारी चालक | ९८४७६२५६६९ | | - | |
| १५ | गंगा अधिकारी | कार्यालय सहयोगी | ९८४७६४३३६२ | | - | |
| १६ | राधिका कडेल | कार्यालय सहयोगी | ९८६७६८०४०७ | | - | |

### ७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयमा शुल्क तिरेर लिने कुनै पनि सेवा नभएको हुदाँ कार्यालय वाट उपलब्ध हुने सम्पुर्ण सेवाहरु निशुल्क र समयमा नै पाप्त गर्न सकिन्छ ।

### ८ निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यक्रमकको सम्बन्धित फोकल पर्सनहरु सगं सल्लाह गरी अन्तीम निर्णय कार्यालय प्रमुखले लिने व्यवस्था रहेको छ ।

## ९ यस त्रैमासिकमा सम्पादन गरेका कामको विवरण

**मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम**

स्वास्थ्य कार्यालय पर्वतको आयोजना र पैंयू गाउँपालिका को समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम भोर्ले स्वास्थ्य चौकी (२०८१/०७/२१ देखि ०७/२३) र पैयु आधारभूत अस्पताल (मिती २०८१-०७-१२ गते देखि १४) सम्पन्न भएको छ। जसमा सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । On-site coaching मा सहभागी ६ जना सेवा प्रदायकहरुलाई प्रशिक्षण मेन्टर प्रतिभा कोइराला (वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक, शिशुवाअस्पताल ) ले र गर्नु भएको बिरुवा गाउँपालिका का सी.अ.न.मी सुस्मा आले थियो। Onsite coaching को तेश्रो दिन बर्थिङ सेन्टरको गुणस्तर सुधार अनुगमन ( QIP)गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।

## पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम

मिती २०८१-०७-२१ -स्वास्थ्य कार्यालय पर्वत को आयोजना र मोदी गाउपालिका पर्वत को समन्वय मा पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम मोदीगाउपालिकामा सम्पन्न भएको छ ।मोदीगाउपालिका प्रमुख हीरादेवी शर्मा को अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख विमल लामीछाने, प्र प्र अधिकृत बाबुराम पुरीले पोषण कार्यक्रम प्राथमीकतामा राखेर सन्चालन गर्नुपर्नेमा जाोड दिनुभयाो।कार्यक्रम मा जनप्रतिनिधि ,शाखा प्रमुख कृषक,व्यापारी,कर्माचारी गरि ३४ जनाको उपस्थिति रहेको थियो ।कार्यक्रम को सहजिकरण स्वास्थ्य शाखा प्रमुख उमेश अधिकारी,कृषि शाखा प्रमुख सुस्मिता सापकोटा र स्वास्थ्य कार्यालय पर्वत का कार्यक्रम फाोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो । साथै मिती २०८१/०७/२५ -स्वास्थ्य कार्यालय पर्वतको आयोजनार जलजला गाउपालिका पर्वतको समन्वय मा पोषण पैरवि तथा अन्तरक्रिया कार्यक्रम जलजला गाउपालिकामा सम्पन्न भएको छ । पोषण संग सम्बन्धित सराोकारवाला जनप्रतिनिधि ,स्वास्थ्यकर्मी ,शाखा प्रमुख गरि ३५जनाको सहभातीता रहेको कार्यक्रम को सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फाोकल पर्सन तेज प्रसाद सुवेदी र जलजला गा,पा स्वास्थ्य शाखा प्रमुख गणेश मल्लले गर्नु भएको थियो ।कार्यक्रम मा प्र प्र अ प्रदिप पाैडेलले कार्यक्रम सन्चालन गरेकामा स्वास्थ्य कार्यालय पर्वतलाई धन्यवाद दीदै जलजला गा पा मा पोषण कार्यक्रम कार्ययोजना सहित उदारणीय बनाउन स्वास्थ्य शाखालाई निर्देशन दिनुभयाो ।

## नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी

मिति 2081/07/08 र 09 गते -स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र मोदी गाउँ पालिका स्वास्थ्य शाखाकाे समन्वयमा नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनकाे समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी गाउँपालिकमा सम्पन्न भएको छ। उक्त कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री प्रवीण शर्माकाे अध्यक्षता र मोदी गाउँपालिकाका उपाध्यक्ष श्री विमल लामिछानेकाे प्रमुख आथीत्यता, सामाजिक विकास समिति संयोजक श्री सुक बहादुर गुरुङ,स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका खोप अधिकृत श्री एकनारायण लम्साल,WHO/IPD पोखराका Servilance lmmunization medical officer श्री डा स्मृति लामा,युनिसेफका प्रतिनिधि ,मोदी गाउँ पालिकाका प्रशासकीय अधिकृत श्री प्रवीण पोख्रेल मोदी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश कुमार अधिकारीकाे आतिथ्यता र मोदी गाउँ पालिका अन्तर्गतको स्वास्थ्य संस्था प्रमुख, सामुदायीक स्वास्थ्य इकाई का प्रमुख तथा प्रतिनिधि र खोप सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीकाे सहभागीतामा कार्यक्रम सञ्चालन भएको थियो। 2 दिन सम्म सञ्चालन भएको सो कार्यक्रममा स्वास्थ्य निर्देशनालय पोखराका खोप अधिकृत एकनारायण लम्साल,WHO/IPD का SIMO स्मृति लामा, जनस्वास्थ्य अधिकृत ममता ढकाल, जनस्वास्थ्य निरिक्षक प्रकाश गौतम,परिवार नियोजन सुपर भाईजर निरिक्षक श्री नारायण प्रसाद रेग्मी र मोदी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री उमेश कुमार अधिकारीले सहजिकरण गर्नु भएको थियो ।उक्त कार्यक्रममा मोदी गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य संस्था बाट स्वास्थ्य संस्था प्रमुख र खोप दिने स्वास्थ्यकर्मी गरी 35 जना स्वास्थ्यकर्मीहरुकाे सहभागिता रहेको थियो। साथै मिति 2081/07/12 र 13 गते फलेबास नगर पालिका र मिति 2081/07/28 र २९ मा महाशिला गा.पामा सम्पन्न भएको थियो ।

## मासिक भर्चुअल सेसन भाग

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ७ अन्तर्गत २०८१ कार्तिक महिनाको सेसन "DHIS -२ VERSION 40 " शिर्षकमा सम्पन्न भएको छ । उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य निर्देशालय गण्डकी प्रदेशका तथ्यांक अधिकृत प्रविन भण्डारीले गर्नु भएको थियो । १ घन्टा

भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ७० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

### नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी

मिति २०८१ मंसिर ०१ र ०२ गते स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा जलजला गाउँपालिकाको समन्वयमा जलजला गाउँपालिकामा पालिका स्तरीय नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्धन कार्यक्रमक समीक्षा तथा सुक्ष्म योजना गोष्ठी सम्पन्न भएको छ । जलजला गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख,खोप सेवामा संग्लन स्वास्थ्यकर्मी, सामुदायीक स्वास्थ्य इकाईका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मी गरी ३० जना स्वास्थ्यकर्मीका सहभागीतामा कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रममा सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरीक्षक नारायण प्रसाद रेग्मी, जलजला गाउँ पालिकाका जनस्वास्थ्य निरीक्षक गणेश मल्ल र स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत ममता ढकालले गर्नु भएको थियो। यस सगसगै मिति २०८१ मंसिर २१ गते देखि २२ गते सम्म होटल माउण्टेन भ्यू कुश्मामा पनि कुश्मा नगरपालिका स्तरीय नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्धन कार्यक्रमको समीक्षा तथा सुक्ष्म योजना गोष्ठी सम्पन्न भएको छ । २ दिन सम्म संचालन भएको कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री प्रवीण शर्माले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र प्रसाद पौडेलले गर्नु भएको थियो । कुश्मा नगरपालिका अन्तर्गतका सबै प्रा स्वा के,स्वास्थ्य चौकी ,आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख,खोप सेवामा संग्लन स्वास्थ्यकर्मी, शहरी स्वास्थ्य केन्द्रका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मी ,पर्वत अस्पतालका स्वास्थ्य कर्मी गरी ५० जना स्वास्थ्यकर्मीको सहभागीतामा कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रमको सहजिकरण स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका खोप अधिकृत श्री एकनारायण लम्साल, फलेबास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री रुद्र शर्मा सापकोटा, कुश्मा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री याम प्रसाद शर्मा,स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरीक्षक नारायण प्रसाद रेग्मी, स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत ममता ढकालले गर्नु भएको थियो।

### समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत ब्यावस्थापन सम्बन्धि ६दीने तालिम

मिती २०८१/०८/०३ देखि ०८ गते सम्म स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत ब्यावस्थापन सम्बन्धि ६दीने तालिम कार्यक्रम स्वास्थ्य कार्यलय पर्वतको तालिम हलमा सम्पन्न भएको छ। सो तालिममा पर्वत जिल्लाका ७ स्थानीय तहबाट २७ जना स्वास्थ्कर्मीहरुको सहभागीता रहेको थियो ।कार्यक्रमको सहजिकरण बेनी अस्पतालका बालरोग विशेषज्ञ डा कुशल बराल , पर्वत अस्पतालका मेडिकल अधिकृत डा.सनम ढकाल, अस्पाताल नर्सिङ निरीक्षक शोभा श्रेष्ठ र स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो ।

### पोषण पैरवि वैठक तथा अन्तरक्रिया कार्यक्रम

मिती -२०८१ /०८/१२ गते स्वास्थ्य कार्यालय पर्वतको आयोजना र महाशिला गाउपालिकाको समन्वयमा सरोकारवालाहरू बिच पोषण पैरवि तथा अन्तरक्रिया कार्यक्रम महाशिला गाउपालिका सभाहलमा सम्पन्न भएको छ ।जनप्रतिनिधि, स्वास्थ्य शाखा प्रमुख ,स्वास्थ्यकर्मी गरि ४० जनाको सहभागीता रहेको सो कार्यक्रममा उपाध्यक्ष धनशोभा बि.क ,प्र.प्र.अ अभिनय अधिकारी ,सामाजिक विकास समिति सयोंजक गोविन्द बहादुर बि.क ज्यूले पोषण कार्यक्रम बारेमा बोल्नु भएको थियो भने कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदी कृषि शाखाका नवीन के.सी र स्वास्थ्य शाखा प्रमुख नरबहादुर बरालले गर्नुभएको थियो ।

## प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

मिती २०८१-०८-१२ गते देखि ०८/१४ स्वास्थ्य कार्यालय पर्वत र फलेबास नगरपलिका को समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम फलेबास नगर अस्पातालमा सम्पन्न भएको छ। On-site coaching मा सहभागी ५ जना सेवा प्रदायकहरुलाई पर्वत अस्पतालका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती बराल र अस्पताल नर्सिङ निरीक्षक शोभा श्रेष्ठले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वाथ्य अधिकृत अन्जली पि.सी र फलेबास नगरपलिकाका प.हे.न बिन्दु गौतमले गर्नु भएको थियो। त्यसैगरि मिती २०८१-०८-२३ गते देखि ०८/२५ सम्म स्वास्थ्य कार्यालय पर्वत र कुश्मा नगरपलिकाको समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम कुश्मा स्वास्थ्य चौकी पाङमा सम्पन्न भएको छ। On-site coaching मा सहभागी ३ जना सेवा प्रदायकहरुलाई पर्वत अस्पतालका अस्पताल नर्सिङ निरीक्षक शोभा श्रेष्ठले र कुश्मा नगरपालिका स्वास्थ्य शाखामा कार्यरत मेन्टर दुर्गा सापकोटाज्यू ले प्रशिक्षण गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वाथ्य अधिकृत अन्जली पि सी ले गर्नु भएको थियो। यस कार्यक्रममा सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो। दुवै वर्थिङ सेन्टरमा Onsite coaching को तेश्रो दिन गुणस्तर सुधार अनुगमन ( QIP)गरी सुधारको लागि व्यवस्थापन समिति सगं बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो। यस कार्यक्रमको समापन सँगै यो आ.वमा पर्वत जिल्लाका ७ बर्थिङ सेन्टरमा SBA on-site कोचिङ सम्पन्न भएको छ।

## स्वास्थ्यकर्मीहरुलाइ विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली(eHMIS) को अभिमुखिकरण

मिती २०८१-०८-२४ र २५ गते स्वास्थ्य कार्यालय पर्वत र फलेबास नगरपलिकाको आयोजनामा स्वास्थ्यकर्मीहरुलाइ विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली(eHMIS) को अभिमुखिकरण कार्यक्रम साथै फलेबास नगरपालिकाका स्वास्थ्य संस्थाहरुमाहरुमा eHMIS Software को जडान कार्य फलेबास नगरपालिकाका प्रमुख गंगाधर तिवारीको अध्यक्षतामा, उपमेयर शोभा कुमारी क्षेत्री ,प्र.प्र अ विष्णु पौडेलको उपस्थितिमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्वत प्रमूख प्रविण शर्मा , स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश, पोखराका तथ्याङ्क अधिकृत प्रविण भण्डारी तथा स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क फोकल पर्सन रामचन्द्र सुवेदीले गर्नुभएको थियो। कार्यक्रममा फलेवास नगरपलिका स्वास्थ्य शाखा प्रमूख रुद्र सापकोटा साथै शाखाका कार्यरत कर्मचारी साथै अंतर्गतका १३ ओटा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु गरी ४३ जनाको सहभागिता रहेको थियो। यस कार्यक्रमको समापन सँगै यो आ.व सम्ममा पर्वत जिल्लाका ७ वटै स्थानिय तहमा विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली(eHMIS) लागु भएको छ।

## मासिक भर्चुअल सेसन भाग ८

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ८ अन्तर्गत २०८१ मंसिर महिनाको सेसन " Infection Prevention and Control (IPC) " शिर्षकमा सम्पन्न भएको छ। उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका नर्सिङ अधिकृत कविता पौडेल ज्यूले गर्नुभएको थियो। १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ७० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो।

## प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

मिती २०८१-०९-०१ गते देखि ०९/०३ सम्म स्वास्थ्य कार्यालय पर्वत आयोजनामा र फलेबास नगरपलिकाको समन्वयमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम फलेबास नगरपलिका ३-शंकरपोखरी स्वास्थ्यचौकी फलेवास पर्वत मा सम्पन्न भएको छ । जसमा सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थिया ।। On-site coaching मा सहभागी ४ जना सेवा प्रदायकहरुलाई दुर्गा सापकोटा (सि. अ. न मी.नि -कुश्मा नगपालिका) र सगुन जी सी (सि. अ. न मी-जलजला गा पा)ले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वाथ्य अधिकृत अन्जली पि सी र फलेबास नगरपलिकाका प हे न बिन्दु गौतमले गर्नु भएको थियो ।Onsite coaching को तेश्रो दिन गुणस्तर सुधार अनुगमन ( QIP)गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो । यस कार्यक्रमको समापन सँगै यो आ .वमा पर्वत जिल्लाका ८ बर्थिङ सेन्टरमा on-site कोचिङ सम्पन्न भएको छ ।

## स्वास्थ्यकर्मिहरुलाई परिमार्जित HMIS/DHIS-2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम

मिति २०८१/०९/२ देखि ०९/०४ सम्म स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्वास्थ्यकर्मिहरुलाई परिमार्जित HMIS/DHIS-2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका प्रशासन प्रमुख रघुनाथ रेग्मीको अध्यक्षतामा स्वास्थ्य कार्यालय पर्वतको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रमको संचालन स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क फोकल पर्सन रामचन्द्र सुवेदीले गर्नुभएको थियो। कार्यक्रममा पर्वत जिल्लाका ७ वटै स्थानिय तहवाट २६ जना स्वास्थ्यकर्मी तथा स्वास्थ्य कार्यालय पर्वतका विभिन्न कार्यक्रमसँग सम्बन्धित फोकल पर्सनहरुको सहभागिता रहेको थियो भने कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय मुस्ताङका तथ्याङक अधिकृत राजन पहाडी ,कुश्मा न.पा दुर्लुङ स्वास्थ्य चौकीका जनस्वास्थ्य निरिक्षक सुरेश सुवेदी तथा स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क फोकल पर्सन रामचन्द्र सुवेदीले गर्नुभएको थियो ।

## स्वास्थ्यकर्मीहरूको लागि आँखा नाक कान घाँटी तथा मुख सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण कार्यक्रम

मिति २०८१/०९/०५ र ०६ गते स्वास्थ्य कार्यालय पर्बतको आयोजनामा स्वास्थ्यकर्मीहरूको लागि आँखा,नाक, कान, घाँटी तथा मुख सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालयका प्रशासन प्रमुख रघुनाथ रेग्मीको अध्यक्षतामा र जनस्वास्थ्य निरिक्षक प्रकाश गौतमको सन्चालनमा सम्पन्न भएको छ । जसको सहजिकरण मादी आधारभुत अस्पतालका मेडिकल अधिकृत डा बिनोद बराल र पर्वत अस्पतालका मेडिकल अधिकृत डा सनम ढकालले गर्नु भएको थियो भने कार्यक्रममा पर्वत जिल्लाका सबै स्थानिय तहमा कार्यरत २९ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।

## पोषण कार्यक्रम को आ. व २०८०/०८१ को समीक्षा तथा योजना तर्जुमा गोष्ठि र आमाको दूध प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण ऐन सम्बन्धि अभिमुखिकरण

स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा पोषण कार्यक्रम को आ. व २०८०/०८१ को समीक्षा तथा योजना तर्जुमा गोष्ठि संगै आमाको दूध प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण ऐन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। पर्वत जिल्लाका ७ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख सहित ३० जना सहभागीता रहेको सो कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्मा, पर्वत अस्पतालका मे.सु डा हेमन्त वास्तोला, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका ज.स्वा.अ बद्री आचार्य, अधिबक्ता चन्द्र बहादुर क्षेत्री तथा फोकल पर्सन तेजप्रसाद सुवेदीले सहजिकरण गर्नु भएको थियो । कार्यक्रममा सबै स्थानीय तह ,पोषण पुनर्स्थापना केन्द्र र स्वास्थ्य कार्यालयको

प्रस्तुतिकरण गरीएको थियो ।समीक्षा कार्यक्रमले पर्वत जिल्लामा पोषण कार्यक्रममा उल्लेखनीय प्रगति हासील गर्न सफल भएको निष्कर्ष निकालेको छ।

### जिल्ला प्रजनन स्वास्थ्य समन्वय समितिको यस आ.वको पहिलो चौमासिक बैठक

मिति २०८१।०९।१८ गते स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा जिल्ला प्रजनन स्वास्थ्य समन्वय समितिको यस आ.वको पहिलो चौमासिक बैठक सम्पन्न भएको छ ! बैठक जिल्ला समन्वय समिती प्रमुखज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ! बैठकमा समितिको सम्पुर्ण सदस्यहरुको उपस्थिति रहेको थियो ! समग्र पर्वत जिल्लाको प्रजनन स्वास्थ्यको अवस्था र सम्पन्न भएका कार्यक्रमहरुको प्रस्तुतिकरण स्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले गर्नु भएको थियो।स्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमूख, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, नेपाल रेडक्रस सोसाइटी प्रमुखज्यू , पर्वत अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सरस्वति वरालले प्रजनन स्वास्थ्य सन्चालनमा भोगेको चुनौतीहरु र त्यसको समाधानको उपायहरुको वारेमा छलफल गर्नु भएको थियो !

### "Anxiety, Depression, and Suicidal Ideation Among Adolescents of Parbat District: A Cross-Sectional Study."

स्वास्थ्य कार्यालय पर्वत द्वारा गरिएको "Anxiety, Depression, and Suicidal Ideation Among Adolescents of Parbat District: A Cross-Sectional Study." शिर्षकमा गरिएको अध्ययनले पर्वत जिल्लाका किशोर-किशोरीहरुमा मानसिक स्वास्थ्यको अबस्थाको विश्लेषण गरेको छ जस अध्ययनमा सहभागि ३०४ किशोर-किशोरीहरुमा ३६.५%मा चिन्ता( Anxiety), १७.४%मा डिप्रेसन( depression) , र ७.६%मा आत्महत्याको सोच ( sucidal intention) रहेको पत्ता लागेको छ। उक्त अनुसन्धान गण्डकी विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्मेलन २०२५ ( GUIC-२०२५) मा स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सीले प्रस्तुतीकरण गर्नु भएको थियो भने उक्त अनुसन्धानले मानसिक स्वास्थ्यबारे समुदाय, परिवार , विद्यालय, स्थानिय तहको भुमिकामा ध्यान आकर्षण गराएको छ।

### महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको प्रोत्साहन रमक भुक्तानी

स्वास्थ्य कार्यालय,पर्वतको आ.व २०८१।०८२ को गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत स्वास्थ्य स्वंयसेविका प्रोत्साहन भत्ता रकम उपलब्ध गराउने कार्यक्रम रहेको जसमा सात वटै स्थानिय तह अन्तर्गत आ.व २०८१।८२ मा अनिवार्य अवकाश प्राप्त गरेका र हाल कार्यरत रहेका ५००जना महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको EFT मार्फत प्रोत्साहन रकम रु ६००० मा १% कर काटेर ५९४० सम्बन्धित व्याक्तीको बैक खातामा गइसकेको छ ! यस सम्वन्धि केहि समस्या आएमा कार्यक्रमका फोकल पर्सन सुमन शर्मालाई सम्पर्क गर्न सक्नुहुनेछ ।

### RRT परीचालन सम्बन्धि अभिमुखिकरण तथा RRC वैठक

मिति २०८१/०९/२१स्वास्थ्य कार्यालय पर्वतको आयोजना र विहादी गाउँपालिका, पर्वतको समन्वयमा RRT परीचालन सम्बन्धि अभिमुखिकरण तथा RRC वैठक सम्पन्न भएको छ । विहादी गाउँपालिका उपाध्यक्ष मीना तिवारी को अध्यक्षता र प्र.प्र.अ हरी प्रसाद भुषालको उपस्थिति रहेको कार्यक्रम को सहजिकरण स्वास्थ्य शाखाका भुपेन्द्रनाथ पौडेल र स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदीले गर्नुभएको थियो ।

### एच.पि.भि (HPV) खोप अभियान २०८१

स्वास्थ्य कार्यालय पर्वतको आ.व २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८१/०९/१२ गते २४ गते सम्म HPV खोप अभियान २०८१ सम्बन्धी जिल्ला स्तरीय अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ। १२-१३ गते पहिलो ब्याच,१४-१५ गते दोस्रो ब्याच,२१-२२ गते सम्म तेस्रो ब्याच र २३-२४ चौथो ब्याच सम्पन्न भएको छ ।जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख,खोप फोकल पर्सन,मेडिकल अधिकृत, स्वास्थ्य संस्था प्रमुख,खोप फोकल पर्सन, पर्वत अस्पतालका मेडिकल अफिसर,नर्सिङ कर्मचारी, स्वास्थ्यकर्मी, स्वास्थ्य कार्यालय पर्वतका कर्मचारी गरी १३१ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । स्वास्थ्य कार्यालय पर्वतको तालिम हलमा सन्चालन गरिएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री प्रवीण शर्माले गर्नु भएको थियो भने प्रमुख अतिथीको आतिथ्यता जिल्ला समन्वय समिति पर्वतका प्रमुख बिष्णु राम बि.क ले गर्नु भएको थियो। उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख प्रवीण शर्मा,जनस्वास्थ्य निरीक्षक प्रकाश गौतम,परिवार नियोजन सुपरभाईजर निरीक्षक नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो ।पर्वत जिल्लाका चार स्थानीय तह कुश्मा नगर पालिका, फलेबास नगरपालिका,जलजला गाउँपालिका र मोदी गाउँ पालिकामा आगामी माघ २२ गते देखि २७ गते सम्म र माघ २८ गते देखि फाल्गुन ०२ गते सम्म बिहादी गाउँपालिका , पैंयू गाउँपालिका र महाशिला गाँउपलिकामा HPV खोप अभियान सञ्चालन हुनेछ। उक्त अभियानमा ६ कक्षा देखि १० कक्षा सम्म अध्ययन गर्ने छात्रा तथा विद्यालय नजाने १० देखि १४ बर्ष सम्मका सबै किशोरीहरुले आफूले अध्ययन गर्ने बिद्यालय वा नजिकको स्वास्थ्य संस्थामा गई खोप सेवा लिन सक्नुहुनेछ ।

### अत्यावश्यक औषधि सम्वन्धि Forecasting & Quantification अभिमुखिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय, पर्वतको आ.व २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८१/०९/२५ र २६ गते अत्यावश्यक औषधि सम्वन्धि Forecasting & Quantification अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, र सह सम्योजकहरुको सहभागिता रहेको थियो । स्वास्थ्य कार्यालय पर्वतको तालिम हलमा सन्चालन गरिएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री प्रवीण शर्माले गर्नु भएको थियो भने उक्त कार्यक्रमको सहजिकरण प्रदेश स्वस्थ्य आपुर्ति तथा ब्यवस्थापन केन्द्रका प्रदेश सम्योजक सुनिल रानाभाटले गर्नु भएको थियो ।

### मासिक भर्चुअल सेसन भाग ९

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ९ अन्तर्गत २०८१ पौष महिनाको सेसन " EHMIS Update" शिर्षकमा सम्पन्न भएको छ । उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण मोदि गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक विक्रम भुवाजीले र स्वास्थ्य कार्यालय, मुस्ताङमा कार्यरत तथ्याङ्क अधिकृत राजन पाहाडी ज्यूले गर्नुभएको थियो । १ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ६० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

## १० सूचना अधिकारी र प्रमुखको नाम र पद

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| सुमन शर्मा | प्रविण शर्मा |
| पब्लिक हेल्थ नर्सिङ निरिक्षक | जनस्वास्थ्य अधिकृत |
| ९८४७६४४१६२ | ९८५७६३५११९ |

## ११ ऐन,नियम विनियम एंव निर्देशिकाको सूची

संघ र प्रदेश सरकार वाट प्राप्त तपशिल वमोजिमको ऐन, नियमावली र निर्देशिका लाई आधार मानी जनस्वास्थ्यका सम्पुर्ण कार्यक्रम संचालन गर्ने गरेको ।

- नेपालको संविधान २०७२
- जनस्वास्थ्य सेवा ऐन २०७५
- प्रदेश खर्चको मापदण्ड २०७९
- कार्यक्रम संचालन निर्देशिका संघ २०८१।८२
- कार्यक्रम संचालन निर्देशिका प्रदेश २०८१।८२
- सार्वजनिक खरिद ऐन २०६३

## १२ आर्थीक कारोवार सम्वन्धी विवरण

आर्थिक वर्ष २०८१/८२ पौष मसान्तर सम्मको को भौतिक तथा वित्तिय प्रगति

**प्रदेश नीति तथा योजना आयोग (योजना /अनुगमन तथा मूल्याङ्कन ) फा.नं. २**

**अनुसूची - २ ( पौष महिना सम्मको प्रगति प्रतिवेदन )**

.

२. वजेट उपशीर्षक नं. :

**३. मन्त्रालय /कार्यालय : स्वास्थ्य कार्यालय , पर्वत**

४. कार्यक्रम/आयोजनाको नामः कार्यालयको सम्पुर्ण (प्रदेश समानिकरण + संघ सशर्त)

**५. स्थानः**

६. आयोजना/कार्यालय प्रमुखको नाम : प्रविण शर्मा

७. जम्मा बजेट रकम रु. : 48399000

८. खर्च बजेट रकमः रु. : 21024785.90

९. वित्तिय प्रगति प्रतिशत 43.44%

**बजेटको किसिम : प्रदेश समानीकरण / संघ शसर्त अनुदान**

| क्र.सं | ब.उ.श.नं | कार्यक्रमको नाम | बिनियोजित बजेट | खर्च रकम | बाकी बजेट | भौतिक प्रगती % | वित्तिय प्रगती % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३।५ॅ०८ | स्वास्थ्य कार्यालयहरू | २१,३३०,०००।०० | १००९३६११।९ | ११२३६३८८।१ | 48.00% | 47.32% | |
| २ | ३।५१ॅ०८ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ३००,०००।०० | ०।० | ३०००००।० | 0.00% | 0.00% | |
| ३ | ३।५१ॅ०८ | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १,५००,०००।०० | ६००८५०।० | ८९९१५०।० | 45.00% | 40.06% | |
| ४ | ३।५१ॅ०८ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १,३८०,०००।०० | ४४५७७१।० | ९३४२२९।० | 35.00% | 32.30% | |
| ५ | ३।५१ॅ०८ | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | १९,२१३,०००।०० | ६०२९२२३।० | १३१८३७७७।० | 32.00% | 31.38% | |
| ६ | ३।५१ॅ०८ | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | २००,०००।०० | १६९३००।० | ३०७००।० | 85.00% | 84.65% | |
| ७ | ३।५ॅ०८ | स्वास्थ्य कार्यालयहरू | २,०००,०००।०० | १९७२४३५।० | २७५६५।० | 98.00% | 98.62% | |
| ८ | ३।५१ॅ०८ | क्षयरोग नियन्त्रण (संघ शसर्त अनुदान) | २३०,०००।०० | ३३१५०।० | १९६८५०।० | 15.00% | 14.41% | |
| ९ | ३।५१ॅ०८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ शसर्त अनुदान) | २,२४६,०००।०० | १६८०४४५।० | ५६५५५५।० | 74.82% | 74.82% | |
| जम्मा | | | ४८,३९९,०००।०० | २१०२४७८५।९० | २७३७४२१४।१० | 45.00% | 43.44% | |

**श्रोतगत संक्षिप्त विवरण**

| बजेट प्राप्तीको श्रोत | बिनियोजन तर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|---|
| | चालु | पुजिगत | कुल | चालु | पुजिगत | कुल |
| प्रदेश सामानिकरण | २१,३३०,०००।० | २,०००,०००।० | २३,३३०,०००।० | १०,०९३,६११।९ | १,९७२,४३५।० | १२,०६६,०४६।९ |
| संघ शसर्त | २५,०६९,०००।० | ( | २५,०६९,०००।० | ८,९५८,७३९।० | ( | ८,९५८,७३९।० |
| कुल | ४६,३९९,०००।० | २,०००,०००।० | ४८,३९९,०००।० | १९,०५२,३५०।९ | १,९७२,४३५।० | २१,०२४,७८५।९ |

## १३ स्वास्थ्य कार्यालय पर्वतको वेवसाईट र अन्य विवरण

Web site: https://hoparbat.gandaki.gov.np

कार्यालय वाट हाल सम्म प्रकाशित वार्षीक प्रतिवेदनहरु

२०७८।७९, २०७९।८०, २०८०/८१